(आर्थिक वर्ष २०८०/०८१)

# वार्षिक नीति तथा कार्यक्रम

## धार्चे गाउँपालिका

माछिखोला, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८० असार १० गते

# धार्चे गाउँपालिकाको
# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

**आदरणीय उपाध्यक्ष महोदय,**
**एवम् गाउँसभाका सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारीहरु ।**

राजनीतिक स्वतन्त्रता, प्रजातन्त्र, गणतन्त्रको लागि नेपाली जनताले पटक पटक संचालन गर्दै आएको जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध लगायत सबै प्रकारका त्याग र वलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, देश र जनतालाई सार्वभौम र अधिकार सम्पन्न बनाउन विभिन्न ऐतिहासिक संघर्ष तथा आन्दोलनमा वलिदान प्रदान गर्नुहुने अमर वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

गाउँपालिका भित्रका राजनीतिक दल, समाजमा रहेका विभिन्न बौद्धिक व्यक्तिहरुसँगको सल्लाह सुझाव लिएर स्थानिय जनसमुदायसँग उनीहरुको आवश्यकता र समस्याहरुलाई समाधान गर्दै अघि वढ्ने लक्ष्यका साथ हामीले गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार क्षेत्रमा केहि सकारात्मक कामहरुको शुरुवात गरेका छौ । यहि साझा प्रयत्न स्वरुप आज हामी यस गाउँपालिकाको आर्थिक वर्ष **२०८०/०८१** को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ ।

नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझाव प्रदान गर्नु हुने निर्वाचित गाउँसभाका सम्पूर्ण प्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका नेताहरु समाजसेवी बुद्धिजीवि मित्रहरु, कर्मचारी मित्रहरु, सबैमा यस नीति तथा कार्यक्रममा आधारित रहेर विनियोजित रकम कार्यान्वयन गर्नमा सहयोग पुरयाउनु हुनेछ, भन्ने विश्वास लिएको छु। यहाँहरुको सल्लाह सुझाव एवं समन्वयले मात्रै हामी सुन्दर, सुरक्षित, सम्वृद्ध धार्चे निर्माण गर्न सक्नेछौ भन्नेमा हामी दृढ विश्वास लिएका छौ।

सुन्दर समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प हो । समस्त गाउँपालिकावासीहरुको समृद्धिको चाहना र हामीले निर्वाचनको क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमलाई अभिव्यक्त गरेका छौ । यसको लागि दिगो विकास, गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरि यातायातमा पहुँच वृद्धि, रासायनिक मल रहित अर्गानिक उत्पादन, गुणस्तरीय शिक्षा, स्वास्थ्यमा पहुँच, भूमिहिन दलित, भूमिहिन सुकुम्बासीको व्यवस्थापन र दिगो पर्यटन विकास मार्फत समृद्ध गाउँपालिकाको निर्माण गर्न सार्वजनिक निजी क्षेत्र र समूदायको साझेदारी समन्वय सहकार्य गरिनेछ ।

## १. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतीहरु:

### (क) विद्यमान प्रयासहरु:

१. अघिल्लो जनप्रतिनिधिबाट गाउँपालिकाको कार्यालय नै खाली हुने गरी दिएको सरुवा सहमतिले गाउँपालिकामा जनशक्ति अभाव भएको अवस्थामा हामी निर्वाचित भए पछि पहिलो कार्य प्राविधिक जनशक्ति व्यवस्थापन गरि कार्यालयबाट दिइने सेवा प्रवाहमा सुधार गर्ने प्रयास गरियो।

२. हामी निर्वाचित भए पछि गत आर्थिक बर्ष देखी नै जिल्ला स्थित विद्युत, दुरसञ्चार कार्यालय सगँ समन्वय गरी विद्युत र इन्टरनेट सेवा सञ्चालनलाई यथावत गरी आरुघाट गाउँपालिकाको सोती खोला देखी माछाखोला सम्मको सडकलाई वर्षा याममा पनि मर्मत सम्भार गर्दै सर्वयाम नै गाउँपालिकाको केन्द्र माछाखोला बाट धार्चे गाउँपालिकाको जनतालाई सेवा दिन सफल प्रयास गरियो ।

३. धार्चे गाउँपालिकाको मध्यकालिन खर्च सम्रचना निर्माणको सन्दर्भमा गाउपालिकाको केन्द्र माछाखोलामा पालिकाको जनप्रतिनिधि, विभिन्न पेशा व्यावसायमा आवद्ध हुनुभएका स्थानिय भद्रभलादमी तथा राजनितिक

दलका प्रतिनिधिहरुको उपस्थितिमा मिति २०७९ फाल्गुण ७ गतेका सरोकार पक्षहरु सँग छलफल गर्ने कार्यक्रम सम्पन्न् गरियो ।

४. "सुन्दर, सुरक्षित, समृद्ध धार्चे" को अभियानमा काठमाण्डौंमा बसोबास गर्ने धार्चेवासी र सोकारवाला धार्चेकोहरुसँग विकासको सम्भावना र सवाल सम्बन्धी अन्तरसंवाद कार्यक्रम मिति २०८० बैशाख १६ गते काठमाण्डौंमा सम्पन्न गरियो।

५. गाउँपालिकाको सहकार्यमा धार्चेले बोकेको पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गरी प्रर्वद्धन गर्ने उदेश्यले यात्री ट्रेकिङ्ग प्रा.लि. र धार्चे गाउँपालिकाको आयोजनामा वडा नं. स्थित खोर्लाबिशीमा **चट्टान आरोहरण तथा आधारभूत तालिम** कार्यक्रम सम्पन्न गरियो।

६. गाउँपालिकाको स्थापना दिवस समारोह मनाउने सुरुवात गरी माननिय उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको प्रमुख आतिथ्यमा पालिका भित्र रहेका पूर्व जनप्रतिनिधि, पूर्व कर्मचारी र विभिन्न विधामा समाजमा उल्लेखनीय योगदान पुर्याउने प्रतिष्ठित व्यक्तिहरुलाई सम्मान गर्ने परम्पराको थालनी गरिएको।

**(ख) विद्यमान अवसरहरुः**

१. धार्चे गाउँपालिका भिरालो पहाडी प्राकृतिक सम्पदा र जैविक विविधाताले भरिपूर्ण।
२. पर्यटन (कृषि पर्यटन, पर्यापर्यटन, साहसिक, साँस्कृतिक) विकासको प्रचुर सम्भावना।
३. जलस्रोतको उपयोगिता गरी विकास र जनताको रोजीरोटी सग जोड्ने सम्भावना प्रचुरमात्रमा रहेको।
४. स्थानीय कृषि/पशुपालन उत्पादनहरुको ब्राण्डीङ्ग र वजारिकरण।
५. गैरकाष्ठ, वनपैदावारमा आधारित उद्योग स्थापना।
६. जडीबुटी तथा प्राकृतिक वस्तुको अध्ययन अनुसन्धानको लागि उपयुक्त ठाउँ।

**(ग) विद्यमान चुनौतिहरुः**

१. विकट भुगोलले गर्दा यातायातको विकास र सर्वयाम यातायात सुविधामा कठिनाई।
२. भिरालो पहाडी भुगोलमा वर्षेनी भुक्ष्यको प्रकोपले पूर्वाधारमा दिगो विकासको लागी अवरोध।
३. भौगोलिक दुर्गमताका कारण कर्मचारीहरुको दरबन्दीले पुर्णता नपाउनु।
४. जनप्रतिनिधि र कर्मचारीहरुलाई समय अनुसार सशक्तिकरण तथा परिचालन गर्दै जान नसक्नु।
५. आन्तरिक राजस्व संकलनको अवसरलाई सदुपयोग गर्न नसक्नु।
६. परम्परागत ज्ञान र सिपलाइ सम्रक्षण गर्दै, स्थानीय उत्पादित वस्तुहरुको वजारिकरणको अभाव हुनु।
७. कृषी तथा पशुपालनलाइ व्यवसायीकरण दिन नसकिएको ।
८. वन, बुढीगण्डकीको जलाधार संरक्षणमा ध्यान नपुगनु तथा समुदाय र गाउँपालिका विचमा आवश्यक समन्वयको अभावले गर्दा वनपैदावरलाई व्यावसायिक रुप दिन नसक्नु।
९. पालिकाको बीच भागमा भएर बग्ने बुढीगण्डकी नदी तथा त्यसको जलाधार क्षेत्रमा रहेका सहायक नदीहरुको दहत्तर बहत्तरको समयमा नै व्यवस्थापन गर्न नसक्नु तथा स्थानिय साना व्यावसायीलाइ दर्ता प्रक्रियामा समावेश गरि बजार अनुगमनलाई व्यवस्थित गर्न नसक्नु र वनपैदावरलाई करको दायरामा समावेश गर्न नसिकएको कारण राजस्व संकलनको लक्ष्य प्रासि हुन नसक्नु।

## २. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु :

नेपालको संविधान २०७२ को धारा ५९, २२८, २२९, २३० तथा स्थानीय शासन सम्बन्धी उल्लेख भएको अन्य नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, संघ र प्रदेश सरकारको आगामी आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम साथै विभिन्न चरणको स्थानीय समुदायको सहभागितामूलक प्रक्रियाबाट आएको

सल्लाह सुझावबाट गाउँपालिकाको शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने प्रतिवद्धता सहित यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

**३. चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरणहरु:**

**(क) सामाजिक विकास :**

१. <u>**स्वास्थ्य:**</u> गण्डकी प्रदेश सरकारले स्वास्थ्य सेवा सम्बन्धी बनाएको मापदण्ड अनुसार गोरखा जिल्लाको पालिकाहरुमा धार्चे गाउँपालिका तेश्रो स्थान हासिल गर्न सफल भएको छ। चालु आर्थिक बर्ष बाट जेष्ठ नागरिक भेटघाट कार्यक्रम शुरुवात गरिएको छ। पालिकाका स्वास्थ्यकर्मीहरु जेष्ठ नागरिकहरुको घरदैलोमा पुगेर सेवा दिइने गरेको छ। हिमालय आँखा अस्पताल र लायन्स क्लब अफ गोरखाको प्राविधिक सहयोग तथा गाउँपालिकाको आर्थिक सहयोगमा धार्चे गाउँपालिकाको सबै वडाहरुमा मोतियाविन्दुको स्क्रिनिङ्ग परिक्षण गरी ६१ जनाको आँखाको सफल अपरेशन गरिएको।यसै आर्थिक बर्ष देखी गाउँपालिकाले माछाखोला स्वास्थ्य चौकीमा मेडिकल डाक्टरको सेवा, ल्याव परिक्षणको सेवा रभिडियो एक्सरे सेवाको शुरुवात गरिएको छ।गर्भवती महिलाहरुको लागि भिडियो एक्सरेको घुम्ती सेवा शुरुवात गरिएको छ।महिलाहरुका लागि पाठेघरको क्यान्सर पत्ता लगाउनका लागि VIA Test को कार्यक्रम वडा नं. ३ उहिया र वडा नं. २ केरौजामा सम्पन्न गरिएको । छायाँ नेपाल र गाउँपालिकाको साझेदारीमा निर्माणधिन १५ बेडको अस्पताल यहि आ.व.मा सम्पन्न हुने अवस्थामा रहेको छ ।

२. <u>**शिक्षा:**</u> शिक्षा तथा मानव विकास श्रोत केन्द्र र यूनेस्को नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाको १० वर्षे दिर्घकालिन सोच सहित पाँच वर्षीय शिक्षा योजना निर्माणको अन्तिम चरणमा पुगेको छ। मेगा विद्यालयको छात्राबास निर्माणको ठेक्का लगाई काम सुरु गरिएको छ ।गरिव तथा जेहेन्दार र दलित विद्यार्थीलाई +२ प्राविधिक छात्रवृत्तिको सुरुवात चालु आ.व. बाट गरिएको छ । शिक्षाको गुणस्तर र सिकाई उपलब्धिको लागि अन्य कार्यक्रमहरु सञ्चालन गरिएको छ।

३. <u>**न्यायिक समिति:**</u> मेलमिलापकर्ताहरुको आधारभूत तालिम सञ्चालन गरी पालिकाको सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरि कार्य प्रारम्भ गरिएको छ ।

**(ख) भौतिक पूर्वाधार विकास :**

गत बर्षको बर्षाको समय देखी नै गाउँपालिकाको केन्द्र देखी आरुघाट सम्मको सडकलाइ पालिकाको पहलमा बर्षा याममा पनि सञ्चालन गर्ने प्रयास गरिएको छ। भि.सि. थमन मार्ग २.३ कि.मि. को नयाँ ट्र्याक जोडिएको, केरौजा लामा गाउँ सडक ४.८ कि.मि. उहिया माथिल्लो गाउ र स्वास्थ्य चौकी जोड्ने नयाँ ट्र्याक १.४ कि.मि. दुंगला जोड्ने नयाँ ट्र्याक १.४ कि.मि. ठाँटि मोटरबाटो १.१ कि.मि. र भिरकुना मोटरबाटो ०.८ कि.मि. गरि कुल १२ कि.मि. नयाँ ट्र्याक खोलिएको छ ।अन्य थुप्रै सडकहरुको स्तरोन्नतिको सुरुवात गरिएको छ। खेलकुद विकासको लागि खेलकुद ग्राउण्डहरुको निर्माण शुरुवात गरिएको छ।गोरेटो बाटोको विकासलाई व्यवस्थित गर्न शुरुवात गरिएको छ। सामुदायिक भवनहरु बहुउद्धेश्यीय किसिमले प्रयोग गर्ने गरी निर्माणको शुरुवात गरिएको छ।

**(ग) आर्थिक विकास :**

कृषि तर्फ सघिंय सरकार बाट प्राप्त भएको सर्शत अनुदानबाट स्थानिय रैथाने बालीको विकास भएको छ। पालिकाको आर्थिक सहयोगमा केरौजा र रुन्चेतमा आलु पकेट विस्तार गरीएको छ।स्थानीय समुदायलाई व्यवसायीक मौरी पालन समबन्धिमा तालिम दिएको छ। साथै पशु व्यावसाय तर्फ पशु स्वास्थ्य शिविर, उन्नत जातको भेडा वितरण र ट्राउट माछाको भुरा वितरण भएको छ। सिंचाईका लागि करिव ७ हजार मिटर पाइप वितरण गरिएको छ ।

**(घ) संस्थागत विकास र सुशासन :**

जनप्रतिनिधिहरुलाई योजना निर्माण तथा क्षमता विकास सम्बन्धि विविध तालिम दिईएको. प्राविधिक जनशक्तिलाई खरिद तथा e-biding सम्बन्धि तालिम, क्षमता विकास र कर्मचारीहलाई जिन्सी व्यवस्थापन, स्वमुल्याङ्कन, कम्पूटर र सुचना प्रविधि तथा पंजिकरण सम्बन्धी लगायत क्षमता विकास सम्बन्धी तालिम सम्पन्न गरिएको छ। त्यसैगरि उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालित र मेलमिलाप कर्ताका लागि ४८ घण्टे आधारभूत तालिम सम्पन्न गरिएको छ ।

**४. आगामी आ.व.का प्राथमिकता प्रास प्रमुख कार्यक्रमहरू:**

**क. सामाजिक विकास:**

१. शैक्षिक नीतिस्थानीय पाठ्यक्रम तथा योजना तर्जुमा ।
२. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
३. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति ।
४. भर्ना अभियान घरदैलो कार्यक्रम ।
५. शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया तथा तालिम व्यवस्थापन।
६. गाउँपालिका/नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
७. सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
८. प्राविधिक शिक्षालयको स्थापना ।
९. कम्तिमा १० बेडको अस्पताल स्थापना ।
१०. स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।
११. स्वास्थ्य बिमाको पहुँच विस्तार ।
१२. विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन ।
१३. खानेपानीको लागी एक घर एक धाराको अभियानमा खानेपानी तथा सरसफाईमा पहुँच बृद्धि।
१४. फोहोर व्यवस्थापनको लागी ल्यान्डफिलसाइटको खोज र निर्माण
१५. खानेपानी प्रसोधन सम्बन्धि संरचना निर्माण ।
१६. लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन ।
१७. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क तथा अभिमुखीकरण।
१८. महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण ।
१९. आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम
२०. लैंङ्गिक विभेद, हिंसा तथा शोषण, बालबिबाह रोकथामका लागि अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम।
२१. ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
२२. अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण ।
२३. अपाङ्गता भएकालाई आवश्यक सहयोगि सामाग्री, कृतिम अङ्ग प्रदान ।
२४. सामाजिक सुरक्षा, सामाजिक संरक्षण ।
२५. युवाको क्षमता विकास तथा रोजगारी कार्यक्रम ।
२६. गाउँपालिका स्तरीय, खेलकुदस्थल निर्माणको शुरुवात ।
२७. खेलकुद पूर्वाधारको विकास तथा उत्कृष्ट खेलाडी सम्मान।
२८. समुदायमा कल्याणकारी कोषको व्वयस्था गरी आयआर्जनमा वृद्धि।
२९. न्यायिक समितिको काम कारवाहीमा प्रभावकारिता।
३०. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन।
३१. जग्गाको वर्गीकरण सहित भूउपयोग योजनाको निर्माण ।

**ख. आर्थिक विकास :**

१. स्थानीय आर्थिक विकास योजना तयार गर्ने ।

२. ब्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण । *(आलु क्षेत्र, कफी उत्पादन क्षेत्र, सिलम, किवि उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र)*

३. कृषि उत्पादनमा अनुदान ।

४. उन्नत पशुपालन पकेट क्षेत्र निर्माण ।

५. भिरालो जमिनमा टनेल फार्मिङ तथा व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)

६. व्यावसायिक पशुपालन ।

७. व्यावसायिक ट्राउट र अन्य जातको माछापालन।

८. कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण ।

९. पर्यटन विकास गुरूयोजना निर्माण ।

१०. धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण ।

११. औद्योगिक ग्राम स्थापना ।

१२. स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।

१३. सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन।

१४. व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।

१५. श्रम सहकारी मार्फत योजना कार्यन्वयन ।

१६. श्रम र श्रमको माग सम्बन्धी अभिलेखन ।

१७. रोजगार सूचना केन्द्र स्थापना ।

१८. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।

१९. व्यावसायिक सीप विकास तालिम सञ्चालन ।

२०. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा।

२१. जडिबुट्टीको अध्ययन अनुसन्धान र व्यावसायिकरण।

२२. परम्परागत ज्ञान र सिपलाइ सम्रक्षण गर्दै आधुनिकिकरण।

**ग. भौतिक पूर्वाधार विकास :**

१. यातायात गुरु योजना निर्माण।

२. सडक मापदण्ड तयार गरी पालिका भित्रको सडकको वर्गीकरण।

३. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तरउन्नति।

४. भुक्ष्यको कारणले जोखिममा रहेका बस्तीहरुको स्थानान्तरण।

५. स-साना झो.पु. हरू, कल्भर्टहरु निर्माण।

६. पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति ।

७. सडकपुलहरूको अध्ययन ।

८. भवनको संहिताको कार्यन्यनमा जोड।

९. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।

१०. ढल निकासको व्यवस्था।

११. अपाङ्ग मैत्री संरचनाको निर्माण ।

१२. सार्बजनिक भवनहरूको लगत राखी अभिलेखीकरण ।

१३. सामुदायिक भवन निर्माण ।

१४. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम ।

१५. साना सिँचाइ निर्माण ।
१६. गाउँपालिकाको जल उपयोग गुरुयोजना ।
१७. बुढीगण्डकी जलाधार सम्रक्षण तथा नदि नियन्त्रण ।
१८. पहिरो नियन्त्रण तथा व्यवस्थापन ।
१९. सुधारिएको चुलो निर्माण ।
२०. सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि ।

**घ. वन, वातावरण तथा जलवायु परिवर्तन:**

१. सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति,
२. वन, पैदावार व्यवस्थापन,
३. जैविक विविधता संरक्षण,
४. अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य,
५. भू तथा जलाधार संरक्षण,
६. फोहरमैला व्यवस्थापन,
७. नर्सरी स्थापना।
८. वृक्षरोपण क्षेत्रको पहिचान।
९. निजी वनलाई प्रोत्साहन।
१०. पानी पोखरीहरूको सम्रक्षण।
११. जलवायु परिवर्तन अनुकुलन योजना निर्माण।
१२. सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान।

**ङ. सुशासन तथा संस्थागत विकास:**

१. कानून, नियम, कार्यविधि र मापदण्डहरू निर्माण/पुनरावलोकन।
२. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता।
३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास ।
४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।
६. सस्थागत स्व-मूल्यांकन ।
७. घुम्ती सेवा।
८. संगठन तथा व्यवस्थापनको पुनरावलोकन ।
९. प्रविधिमैत्री सूचनाको सञ्जालीकरण।
१०. सघं र प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने।

**५. आगामी आ.व. २०८०/०८१ का नीति तथा कार्यक्रमहरू :**

**(क) राजस्व तथा कर नीति**

१. धार्चे गाउपालिकाको आर्थिक ऐन बमोजिम घर बहाल सम्पति कर तथा जडीबुटी कर कवाडी विज्ञापन कर लगायत ऐनमा उल्लेख भएबमोजिम राजस्व सकलन कार्यलाइ कडाइका साथ लागु गरिनेछ।
२. राजस्वका करको दरलाई केहि संशोधन गरि करका दायारालाई मात्र फराकिलो बनाइनेछ।
३. गाउपालिकामा रहेका खाजा घर,पसल लघुउद्यम घरेलु उद्योग स्थानिय तहको सरकारको रेकर्डमा अभिलेखीकरण गर्नको लागी करको दस्तुर लिइ दर्ता प्रक्रियालाइ कडाइका साथ लागू गरिनेछ।
४. आन्तरिक राजस्व वृद्धिको लागि धार्चे गाउँपालिकाले निर्माण गरेको आन्तरिक राजश्व सुधार कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलन गरि धार्चे गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरीक राजश्व सुधार

कार्ययोजना अनुसार आन्तरिक राजस्व संकलनमा वृद्धि गरिनेछ। साथै राजस्वका थप क्षेत्रहरु पहिचान गरी राजस्व वृद्धि गर्दै लैजाने नीति लिइनेछ।

५. व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गर्ने साथै कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ।

**(ख) सामाजिक विकास नीति :**

**शिक्षा, यूवा तथा खेलकुद :**

१. ***म बनाउछु मेरो विद्यालय मेरो सन्ततिका लागी*** भन्ने मुल उदेश्यका साथ सामुदायिक विद्यालयहरुमा विद्यार्थीको सिकाइमा परिवर्तन गर्न र गुणस्तरिय शिक्षाको कार्यक्रम मध्यनजर गर्दै शिक्षा तथा मानव विकास श्रोत केन्द्र र यूनेस्को नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा धार्चे गाउँपालिकाको शिक्षा योजना कार्यन्वयन गरिनेछ।

२. राज्यको स्रोत साधानलाइ सदुपयोग हुने गरी सामुदायिक विद्यालयहरुमा विद्यार्थी सख्या र तहगत विद्यालय सञ्चालनका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय मर्ज गरिनेछ। दरबन्दी मिलान पश्चात नपुग हुन आउने दरबन्दीमा पालिकाबाट थप शिक्षकको व्यवस्था गरिनेछ ।

३. मेगा स्कुलको छात्रावास भवन निर्माणलाइ आगामी आ व मा सम्पन्न गर्ने गरी निरन्तरता गरिनेछ।

४. धार्चेको भूगोल र विद्यालय व्यवस्थापनको लागी आवासिय छात्रावास कार्यक्रमलाई थप प्रभावकारी र नियमन गरिनेछ।

५. स्थानीय तहले सञ्चालन गर्ने स्तर मापन परीक्षाहरु, आधारभूत तह उत्तिर्ण परीक्षा एवं माध्यमिक तह उत्तिर्ण परीक्षा थप मर्यादित तथा उपलब्धि मूलक बनाउन आवश्यक बजेट विनियोजन गरिनेछ ।

६. स्थानीय पाठ्यक्रमको क्रमशः कक्षागत व्यवस्था मिलाउदै लगिनेछ ।

७. सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी र अविभावक वीचमा समन्वय गराइ समुदायले विद्यालयको शैक्षिक गुणस्तर बुझनु पर्ने भएकोले अविभावक तथा बिषयगत शिक्षकहरुको तालिम सञ्चालन गरिनेछ ।

८. शिक्षक तालिम, शैक्षिक प्रदर्शनी, परिक्षामा एकरुपता, शैक्षिक क्यालेण्डर, विद्यालयहरुलाइ गुणस्तर सुधारका योजनाहरु संचालन गरिनेछ ।

९. गाउँपालिकामा रहेका विद्यालयहरुमा स्काउट तथा जुनियर रेडक्रसको व्यवस्था गरिने छ ।

१०. **"एक वडा एक खेलकुद मैदान"** निर्माणलाई आगामी तीन वर्ष भित्र सम्पन्न गरिनेछ। खेलकुद सँग सम्बन्धित क्लवहरुलाई ब्यवसायीकरण गराउँदै व्यवसायिक खेलाडी, प्रशिक्षक उत्पादनमा जोड दिइने छ। गाउपालिका स्तरिय खेलकुद विकास समितिलाई व्यवस्थित गरिदै लगिने छ।

११. **विद्यार्थीसँग अध्यक्ष भेटघाट कार्यक्रम** संचालन गरि विद्यार्थीहरुसँग प्रत्यक्ष साक्षत्कार गरिनेछ ।

१२. विद्यालय क्षेत्रबाट १०० मिटर वरिपरि सुर्तिजन्य एवम् मादक पदार्थको विक्रि वितरणलाई पूर्ण रुपमा निषेध गरिनेछ ।

१३. विद्यालयहरुमा दिवा खाजाका रुपमा स्थानीय खाद्यन्न एवम परिकारलाई प्रयोग गर्न प्रोत्साहन गर्न जंकफुडको प्रयोगलाई निषेध गरिनेछ ।

**स्वास्थ्य :**

१. स्वास्थ्यको गुणस्तरीय सेवाको निम्ति आवश्यक स्वास्थ्य सामाग्री र पुर्वाधारको विकास गरिनेछ।

२. आधारभुत स्वास्थ्य सेवाको पहुँच पुर्याउन कठिन भएका समुदायहरुमा संचालन गरीएको समुदायिक स्वास्थ्य ईकाईहरु निरन्तर संचालनको व्यवस्था गरिनेछ ।

३. गा पा भित्र बसोबास गर्ने नागरिकहरुलाइ उपचारात्मक सेवाको पहुँच बढाउन माछीखोला स्वास्थ्य चौकि मा कम्तिमा १ /१ जना चिकित्सक र ल्याव टेक्निसियनको व्यावस्थापनलाई निरन्तरता दिईनेछ।

४. गाउपालिका र छाँया नेपालको साझेदारीमा निर्माण भएको अस्पताललाई आगामी आर्थिक बर्ष देखी सञ्चालनमा ल्याइनेछ।

५. सुरक्षित मातृत्वको लागि वर्थिङ सेन्टरको स्थापना र गुणस्तरमा जोड दिइनेछ।

६. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्राप्त हुने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य, उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको ब्यवस्था मिलाइनेछ।

७. सुनौला हजार दिनका आमा र बच्चाको पोषणको स्थितिमा सुधार गर्न हाल कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तर दिइनेछ ।

८. समुदायमा रहेका जेष्ठ तथा अपाङ्ग नागरिक स्वास्थ्य भेटघाट कार्यक्रमलाई यस आर्थिक बर्षमा समेत निरन्तरता दिइनेछ ।

९. सबै वडाहरूलाई क्रमशः घरमा सुत्केरी शुन्य (शत प्रतिशत संस्थागत सुत्केरी गराउने) वडा घोषणाका लागि आवश्यक कार्यक्रमहरू संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरिनेछ।

१०. वालवालिकाहरुको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने किसिमका कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

११. विगतका विपद्को घटनाक्रम र नयाँ सृजित हुन सक्ने बिपद्का घटनालाई मध्यनजर गर्दै स्वास्थ्य दुर्त प्रतिकार्य टिमलाई स्थानिय परिबेशको प्रकोप र प्रकोपको संभावित महिना अनुसार तयारी अबस्थामा राखिनेछ।

१२. पालिकाको प्रयासमा दाँत, आँखा, नाक कान घाँटी, पाठेघर खस्ने, प्रजनन स्वास्थ्य सम्वन्धी शिविर सञ्चालनको लागि विकास सझेदारहरुसँग सहकार्य गरिनेछ।

**महिला तथा सामाजिक संरक्षण विकास नीति :**

१. गाउँपालिकाका सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

२. पालिका भित्र रहेका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाका मूलभूत अधिकार सुनिश्चित गरिनेछ।

३. महिलाहरुको आर्थिक पक्षलाई सवल र सक्षम बनाउनको लागी महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

४. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नमा जोड दिइनेछ ।

५. आर्थिक क्षमताको आधारमा विपन्न एकल महिला पहिचान तथा वर्गिकरण गरी उनीहरुको आर्थिक स्तर वृद्धिमा ध्यान दिइनेछ। साथै एकल महिला समूह गठन गरी उनीहरुको आयआर्जन र सीप विकासको लागि सुरक्षा कोष सञ्चालन गरिनेछ।

६. आर्थिक रुपमा विपन्न महिलाहरुको समूह गठन गरी आर्थिक स्तरोन्नती कार्यक्रम सञ्चालन गरिनेछ ।

७. महिला हिंसा विरुद्धको जनचेतनामुलक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोष तथा बजेटको व्यवस्था गरी सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिनेछ ।

९. महिलाहरुको सहभागिता र सक्रियतालाई उत्प्रेरित गर्न महिला सहभागी योजना र कार्यक्रमहरुलाई बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।

**बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता, आदिवासी जनजाति, दलित सम्बन्धी नीति :**

१. घुम्ति शिविर संचालन गरि अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण तथा नवीकरण गरी उनिहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्बर्द्धन गरिने छ।

२. पालिका क्षेत्र भित्र रहेका अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा टेवा पुरयाइने छ ।

३. पालिका स्तरीय बालउद्धार कोष, लैङ्गिक हिसां उद्धार कोष, एकल महिला सहयोग कोष र अपांगता सहयोग कोष स्थापना गरि सीप विकास र स्वरोजगार तथा दीर्घकालीन सशक्तिकरणमा टेवा पु¥याइने छ ।
४. बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार आगामी ३ वर्ष भित्र बालमैत्री कार्यक्रम सञ्चालन गरी बालश्रम रहित गाँउपालिका घोषणा गरिनेछ ।
५. वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्न बनेको विद्ययमान कानुनलाई पूर्णता दिन नीतिगत व्यवस्था गरिने छ ।
६. बालबालिकाहरुमाथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकारको प्रवद्र्धन तथा बाल अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ ।
७. आदिवासी जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
८. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ ।
९. दलित, आदिवासी जनजाती, सिमान्तकृत वर्ग र अन्य जातिका परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु निरन्तर रुपमा अगाडी बढाइने छ ।

**<u>न्यायिक समिति:</u>**

१. न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारितामा जोड दिइनेछ। पालिकामा एक इजलास कक्ष निर्माण गरिनेछ।
२. न्यायिक समितिले कारवाहीको किनारा लगाउनु पर्ने मुद्धा तथा उजुरीहरुको मेलमिलापकर्ताहरु बाट पनि गरिनु पर्ने भएकोले वडा केन्द्रहरुमा मेलमिलाप केन्द्र स्थापना गरिने छ।
३. न्यायिक समितिको काम कर्तव्य र अधिकारलाई जनसमक्ष जानकारी गराउने उद्देश्यले प्रचार प्रसारको लागी कार्यक्रमहरु संचालन गरिनेछ ।

**<u>खानेपानी तथा सरसफाई नीति:</u>**

१. पालिकामा "एक घर एक धारा" को अवधारणा अनुसार सघं, प्रदेश सरकार तथा विभिन्न सघंसंस्थाको साझेदारीमा खानेपानी योजना सञ्चालनमा जोड दिईनेछ । साथै आगामी ३ वर्ष भित्रमा एक घर एक धाराको अभियानलाई सम्पन्न गरीनेछ। साथै खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको संरक्षणमा जोड दिइनेछ।
२. प्रत्येक नागरिकको स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरु संगको सहकार्यमा खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरिनेछ ।
३. गाउँपालिकाको केन्द्र रहेको माछिखोला बजारलाई **क्लीन माछिखोला अभियान** मार्फत स्वच्छ, सफा र हराभरायुक्त वातावरण बनाउनेछ । साथै उपयुक्त स्थानको खोजी गरि डम्पिङ साईट निर्माण गरि फोहोर व्यवस्थापनको कार्यलाई अगाडी बढाईनेछ ।
४. सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**<u>भूमि तथा बस्ति विकासको व्यवस्थापन:</u>**

१. आगामी आर्थिक बर्ष भित्र पालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको व्यवस्थापन भूमि आयोगको सहयोगमा गरिनेछ ।
२. भूमीको वर्गीकरण तथा भुउपयोग योजनाको निर्माण आगमी आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।
३. पालिकाको जोखिम भूगोल तथा वस्ती विकासको निम्ति एकीकृत बस्ती विकासको योजना निर्माण गरिनेछ।

४. गाउँपालिकाको वडा नं. ३ को लाक्पाल र वडा नं. १ को दाम्वाचेतको बस्ती सुरक्षित स्थानमा स्थानान्तरणको लागि सम्बन्धित निकायमा पहल गरि आगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ।

**अध्यक्ष आर्थिक सहायता कोष**

अध्यक्ष आर्थिक सहायता कोष खडा गरि आवश्यकतानुसार कार्यविधि बनाई खर्च गर्ने नीति अख्तियार गरिनेछ ।

**आर्थिक विकास:**

**(क) कृषि**

१. धार्चेमा रहेको कृषि उत्पादनलाइ Organic Market सग जोड्नको लागी व्यावसयिकरण र आधुनिकिकरण गर्दै लैजाने उद्धेश्यले प्रबर्द्धनात्मक तवरबाट अगाडी बढाउनको लागी ***कृषक सग धार्चेको हातेमालो*** भन्ने कार्यक्रम आगामी आ व देखी ३ बर्ष सम्म सञ्चालन गरिनेछ ।

२. गाउँपालिका **अर्गानिक धार्चे** घोषणा गरि रासायनिक मलको आयतलाई निषेध गरिनेछ । साथै अर्गानिक उत्पादनको लागि कृषकहरुलाई प्राङ्गरीक मल उत्पादनमा विविध तालिमको व्यवस्था गरिनेछ।

३. सघिय सरकार र पालिकाको साझेदारीमा गुम्दामा निर्माणधिन आलु चिस्यान केन्द्रको निर्माण सम्पन्न गरिनेछ।

४. पालिकाले रैथाने बाली (सिलाम, बोडी, कागुनो, जौ, तितेफापर, उवा, कोदो, मकै) तथा एक वडा एक साना पकेट क्षेत्र घोषणा गरी (आलु, अकबरे खुर्सानी, टिमुर, अलैची, कफी) लाइ साना पकेट कार्यक्रम सञ्चालन गरी कृषकले उत्पादन गरेको आधारमा **कृषक नगद अनुदान** कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषक सुचिकृत र कृषक परिचय पत्रको व्यवस्था गरिनेछ ।

६. धार्चे गाउपालिकामा भएको कुनै पनि उत्पादलाइ नेपालको बजारमा ब्रान्डिङ्ग र बजारीकरण गर्दै अन्तराष्ट्रिय बजार सग जोड्नको लागी गाउँपालिकामा कृषि उत्पादनको संकलन केन्द्र र उक्त संकलन केन्द्र सगँ जोडिने गरी मोफसलमा व्यक्ति, कम्पनी वा गैरसरकारी सघसंस्थाको साझेदारी **Dharche Organic Market** आगामी आ व देखी सञ्चालनमा ल्याइनेछ ।

७. बाँझो जग्गामा खेति गर्नेलाई प्रोत्साहन गरिनेछ ।

**(ख) पशु सेवा**

१. गाउँपालिका भित्र आपूर्ति हुने मासुजन्य पदार्थमा आत्मनिर्भर हुने गरी पशुपालन व्यवसायमा पशु स्वास्थ्य शिविर, पशु विमा, पशु नश्ल सुधार, घाँस खेती, व्यावसायिक तालिम सञ्चालन गर्दै पशुपालन ब्यवसायलाई व्यावसायीकरण गर्ने उदेश्यले **पशु व्यवासायी नगद अनुदान कार्यक्रम** संचालन गरिनेछ।

२. धार्चेको भूगोल तथा पर्यावरणीय वातावरणलाई समेत ध्यानमा राखी चिसो पानीलाइ सदुपयोग गर्ने गरी ट्राउट माछा साना पकेट प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। तथा ट्राउट माछाको व्यावसायिक विविधिकरण गर्नको लागी पालिका र अन्य सरोकारवालाहरु सगको साझेदारीमा ट्राउट माछा भुरा उत्पादन केन्द्र आगामी बर्षमा सञ्चालनमा ल्याइनेछ।

३. धार्चेको लेकमा रहेको भेडा पालनलाइ व्यासायिकरणमा प्रबर्द्धन गर्ने उद्धेश्यले भेडापालकलाइ सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. पशुपालक कृषक सुचिकृत र कृषक परिचय पत्रको व्यवस्था गरिनेछ ।

**(ग) पर्यटन**

१. **धार्चेको जनताको समृद्धिको आधार पर्यटनको पूर्वाधार निर्माण** भन्ने अभियानलाई सफल बनाउन धार्चे गाउपालिलाई साहसिक पर्यटन (**चट्टान आरोहरण, क्यानोनिङ्ग, प्यारागलाडिङ्ग, भियाफतरा,माउन्टेन साइक्लिङ्ग, र्याफ्टिङ, जिपफ्लायर**) को पूर्वाधार निर्माण कार्यको थालनी गरी आगामी ३ बर्ष सम्म यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. कृषि पर्यटन (Agro-Tourism ) को लागी कृषि पर्यटनको पूर्वाधारमा समेत लगानी गरिनेछ।

३. पहिचान नभएका पर्यटकीय पदमार्गहरु (गणेश हिमाल, धार्चे डाडा, चुङ्काङ्ग भिरकोट, रुकाङ् डाडा, रुवीनाला, कालो पोखरी, निसराङ्ग ताल, रुवीभ्यालीबाट धार्चे जोड्ने पदमार्ग निर्माण तथा पहिचान भएका पदमार्गहरुमा स्थानिय समुदायको जीवन पद्धतिमा सुधार ल्याउने गरी आवश्यक पूर्वाधारहरु निमार्ण गरिनेछ।
४. पर्यापर्यटन, सहासिक पर्यटन, साँस्कृतिक तथा धार्मिक पर्यटनलाई विशेष जोड दिई धार्चेमा रहेको गुरुङ, घले र दलित समूदाय र उनिहरुको धर्म र सँस्कृतिसँग सम्वन्धीत चाडपर्व, जात्रा, नाचहरुलाई प्रचार प्रसार गरिनेछ।
५. न्याउली झरना, तातोपानी कुण्ड ,इमान सिं पार्क, गुफ्सी पाखा नमुना बस्तीलाइ पर्यटकीय स्थलको रुपमा थप प्रवर्द्धन गरिनेछ ।

**(घ) भाषा, कला र संस्कृति**

१. धार्चे गाउँपालिकामा बोल्ने भाषा, कला सस्कृति, धार्मिक तथा साँस्कृतिक संरक्षण सम्बर्द्धनको लागि अध्ययन अनुसन्धान गरि दस्तावेजीकरण गर्न शुरुवात गरीनेछ।
२. स्थानीय रुपमा परम्परा मनाउदै आएको मकै बिवाह, घाटु नाच, साइवा नाच, छिज्यू नाच, माने नाच, नारा पर्व, आलु महोत्सव, तमु लोसार, तातोपानी जात्रालाई महोत्सवको रुपमा मनाई वाह्य तथा आन्तरिक पर्यटक प्रवद्र्वन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
३. धार्चे गाउँपालिका भित्र रहेका विभिन्न धर्म समुदाय र धार्मिक तथा पौरराणिक महत्व बोकेका शक्तिपिठहरुको अध्ययन अनुसन्धान गरी अभिलेख तयार गरिनेछ । विभिन्न जातजाति र समुदाय भित्र रहेको संस्कृतीलाई प्रबर्द्धन गर्ने कार्यक्रम संचालनमा जोड गरिनेछ।
४. गाउँपालिका भित्र रहेका कला, साहित्य, संस्कृती संरक्षण एवं प्रबर्द्धन गर्न विभिन्न रचनात्मक कार्यक्रम गर्न पहल गरिनेछ ।

**(ङ) स्वरोजगार कार्यक्रम**

१. **"मेरो पेशा आफ्नो आम्दानी"** भन्ने अवधारणामा आधारित रहेर स्थानिय समुदायको समृद्धिमा टेवा पुग्ने गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम व्यवस्थित गरिनेछ।
२. समुदायमा रहेका विभिन्न वर्गलाई आयआर्जनमा जोडिने गरी व्यावसायिक तालिमको व्यवस्था गरिदै स्वरोजगारीको वृद्धि गरिनेछ।
३. गाउपालिकाको निश्चित टोल वा बस्तीको त्यस समुदायमा रहेका निश्चित घरधुरीहरु आफैले दैनिक, साप्ताहिक, मासिक रुपमा बचत गरी त्यसै समुदाय भित्र मात्र उक्त बचत खर्च गर्ने गरी गाउपलिकाले बीउ पुजीको रुपमा अनुदान उपलब्ध गराइ **"समुदायमा आधारित लोक कल्याणकारी कोष "**स्थापना गरिनेछ। त्यस कोषको बचत त्यसै समुदायको आयआर्जनको विभिन्न उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने स्वरोजगारको सृजना गरिनेछ।

**(च) सहकारी**

१. स्थानीय साधनश्रोतलाई प्रयोग हुने गरी स्थानिय समुदायको मजदुरीलाई आयआर्जनसगँ जोडिने गरी यहि आर्थिक बर्ष देखी **श्रम सहकारी नीति लागू** गरि विकास निर्माणसँग जोडिनेछ । यस कार्यको लागि श्रम सहकारी दर्ता तथा सञ्चालन ऐन, नियम, कार्यविधि लागु गरिनेछ।
२. नेपाल सरकारको तीन खम्वे नीति अनुरुप गाउँपालिकाभित्र रहेका सहकारीहरु मार्फत परिचालन हुने पुँजीलाई जनताको समृद्धिसँग जोड्नको लागि सहकारीहरुले कृषि तथा पशु व्यावसायमा निश्चित ऋण परिचालन गर्ने गरी कार्यविधि र मापदण्ड वनाई लागु गरिनेछ।
३. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

४. सहकारीको लेखा प्रणालीलाई पारदर्शि बनाउन, नियमन तथा संस्थाको सुदृढिकरणको लागि तालिमको व्यवस्था गरिनेछ।

**पूर्वाधार विकास निति :**

**(क) सडक :**

१. **एक वडा एक रणनीतिक सडक** वडा तथा स्वास्थ्य कार्यलय जाने सडक जोडिने गरी वाह्रै महिना सञ्चालनमा हुने गरी परम्परागत प्रविधिलाई समेत मध्यनजर गर्दै, स्थानिय साधान श्रोतको प्रयोग हुने गरी सडक स्तरोन्नतिमा विशेष जोड दिइनेछ।

२. यातायात पूर्वाधार विकासको मेरुदण्ड भएको र बाढी तथा पहिरोको अति सवेदनशील क्षेत्र भएकोले यसको दिगो तथा उत्थानशिल, वातवरण मैत्री वनाउनको लागि यातायात गूरुयोजना वनाई DPR गरी सडक तथा वाटोहरुको निर्माण गरिनेछ।

३. गाउँपालिकाभित्र अति आवश्यक बाहेक सडकको नयाँ ट्र्याकलाइ निरुत्साहित गरिदै सडक स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।

४. सडक गुरुयोजना तयार गरि गाउँपालिकाभित्र रहेका सडकहरुलाइ रणनितिक महत्वको आधारमा वर्गीकरण गरिनेछ ।वर्गीकृत सडकको आधारमा सडकको Right Of Way को निश्चित मापदण्ड तयार गरिनेछ।

**(ख) पुल पुलेसा :**

१. विभिन्न निकाय संग साझेदारी गर्दै, गाउँपालिका भित्र रहेका काठेपुललाई विस्तापित गरी अभियानको रुपमै झोलुङ्गे पुलहरुको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।

२. सघं र प्रदेश सरकारको आर्थिक सहयोगमा धार्चेको सबै वडाहरुलाई पालिकाको केन्द्र सगँ जोडिने गरी बुढीगण्डकि नदीमा मोटरेवल पुल निर्माणलाई विशेष पहल गरिनेछ।

३. गाउँपालिकाको वडा नं. १ स्थित यारुबगरमा रहेको नेपालकै पहिलो क्यान्टिलिभर पुललाई संरक्षण गर्दै थप मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

**(ग) विद्युत तथा वैकल्पिक उर्जा नीति :**

१. गाउँपालिका भित्र रहेको जलश्रोतलाई अति सदुपयोग हुने गरी भविष्यमा पालिकालाई आर्थिक तथा भौतिक सहयोग विद्युत उत्पादक कम्पनीहरुलाई सहजीकरण तथा सहयोग गर्न पालिकाले बिशेष पहल गरिनेछ ।

२. गोरखाको उत्तरी क्षेत्रको विद्युत सेवालाई व्यवस्थित गर्न गराउनको लागी धार्चेमा १३३/३३ के.वि.ए. सव स्टेशनको निर्माणको लागि सम्बन्धित निकाय सँग समन्वय गरिनेछ ।

३. वजार क्षेत्रमा सडक वत्ती, विद्यालय, स्वास्थ्य तथा वडा कार्यालयहरुमा बैकल्पिक उर्जाको प्रयोग गर्ने कार्यलाई विस्तार गरिनेछ ।

४. दाउरा र जैविक उर्जाको प्रयोगलाइ कम गर्दै लैजान बायोग्यास सुधारिएको चुलो बायो ब्रिकेट विद्युत सोलार र एल पि ग्यास तथा वीकरणीय उर्जा प्रविधिको उपयोगको प्रबर्द्धन एव विस्तार गरिनेछ ।

**(घ) आवास, भवन तथा बस्ती विकास निति :**

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माणलाइ तिब्रता पुर्वक निर्माण सम्पन्न गरिनेछ ।

२. गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी चौकीको भवन गाउँपालिकाको आन्तरिक स्रोतबाट निर्माणको व्यवस्था गरिनेछ।

३. समुदायमा आवश्यकता अनुसार पर्ने सवै कार्यक्रमहरु गर्न, समुदायमा रहेका संघ संस्था लगायत आमा समूह, यूवा क्लवहरुले कार्यालय प्रयोग गर्न मिल्ने, प्राकृतिक विपद् आईपर्दा अस्थायी आवासको रुपमा प्रयोग गर्न मिल्ने, तरकारी संकलन केन्द्र तथा हाटबजारमा समेत प्रयोग गर्न मिल्ने गरी समुदायमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माणमा विशेष जोड दिइनेछ ।

४. गाउँपालिकाले लागि भवन निर्माण आचार संहिता तथा घर नक्सा पास आगामी बर्ष देखी पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

५. बाक्लो बस्तीहरुमा परम्परागत प्रविधिलाई प्रयोग गरी ढलको व्यवस्थापन गरिनेछ ।

**(ङ) सिंचाई :**

१. कृषि उत्पादनमा जोड दिने गरि अति आवश्यकिय खेतियोग्य जमिनमा साना, मझौला तथा थोपा सिंचाई योजनाहरुलाई प्राथमिकता दिइनेछ। साना सिंचाई अन्तर्गत पर्ने कुलोहरु मर्मत सम्भार, निर्माण लगायत नयाँ प्रविधिमा आधारित सिंचाई योजनाद्वारा खेतीयोग्य जमिनमा सिंचित गर्ने कार्यलाई विस्तार गरिनेछ।

**<u>विपद् ब्यवस्थापन:</u>**

१. सार्वजनिक विकासका निर्माण प्रक्रियालाई दिगो वनाउन विपद जोखिम न्यूनीकरणको अवधारणाबाट विकासका योजनाहरु सम्पन्न गरिनेछ ।

२. साथै स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना वनाई विविध कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थासँग समन्वय गरिनेछ ।

३. गाउँपालिकाद्वारा विपद जोखिममा परेका ब्यक्ति र समुदायलाई सहयोग पुग्ने गरी आकस्मिक आर्थिक सहयोग प्रदान गर्न आकस्मिक विपद व्यवस्थापन कोष संचालनमा गरिनेछ ।

४. विपद व्यवस्थापनको लागि पूर्वतारी तथा उद्धारको व्यवस्था गरिनेछ। नयाँ सडक निमार्णले परम्परागत भलकुलो अवरुद्ध गरी ल्याएको सडकभल समस्यालाई समाधान गर्ने योजना निर्माण गरिनेछ।

५. २०७२ सालमा गएको महा भुकम्पको असर र वारम्वार गइरहने पराकम्प, पहिरोलाई मध्य नजर गर्दै जोखिम क्षेत्रहरुको अध्ययन गरी नक्साङ्कन गरिने छ भने अति जोखिममा परेको क्षेत्रहरुको पहिचान तथा पहिचान भएका वस्तीको स्थानान्तरण, एकीकृत वस्ती विकासको लागि सम्बन्धित निकाय र विकास साझेदारहरुसँग आवश्यक समन्वय गरीनेछ। उच्च जोखिममा रहेका क्षेत्रहरुलाई प्राथमिकताका आधारमा क्रमश व्यवस्थापन गर्दै लगिने छ ।

**<u>वन, वातावरण तथा भु-सरक्षण:</u>**

१. धार्चेमा रहेको राष्ट्रिय वन, सामुदायिक वन, लेक, खर्क कृषकको जग्गामा नै उत्पादन हुने गरी वहुमुल्य जडिवुटिको खेतीको अध्ययन अनुसन्धान गरी जडिवुटिको खेतीको विस्तार गरिनेछ।

२. प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा धार्चेमा जडिवुटिको संभावनाको अध्ययन तथा व्यवसयीकरणका लागि आवश्यक पहल गरिनेछ।

३. डढेलो सल्काउने, खुला शिकार गर्ने, जडिबुटी चोरी गर्ने जस्ता अपराधि पत्ता लगाई सुराकी गर्ने व्यक्तिलाई रु.१०,००० नगद पुरस्कार उपलब्ध गराइनेछ तथा उजुरीकर्ताको सम्पूर्ण विवरण गोप्य रुपमा राख्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ ।

४. बुढीगण्डकी जलाधार संरक्षणको लागि सम्बन्धित निकायमा समन्वय गरी संरक्षणको व्यवस्था मिलाइनेछ।

**<u>फोहोर मैला व्यवस्थापन:</u>**

१. धार्चे गाउँपालिकामा प्लाष्टिक झोला प्रयोगमा निरुत्साहित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

२. **हरेक महिना हरेक हप्ताको एक बार** सरकारी कार्यलय, विद्यालय तथा टोल समुदायको सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बजार क्षेत्र, बाक्लो बस्तीहरुलाई मध्यनजर गरी फोहोर मैला व्यवस्थापनको लागी फोहोर संकलन तथा साना/साना फोहोर संकलन केन्द्र स्थापना गरी डम्पिङ्ग साईटको व्यवस्थापन गरिनेछ।

**<u>सुशासन तथा सस्थागत विकास</u>**:

१. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, छिटो, छरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी, गुणस्तरीय, सेवाग्राहीमैत्री तथा प्रभावकारितामा जोड दिइनेछ ।

२. गाउँपालिकाबाट हुने सेवालाई प्रविधिमैत्री बनाउन सबै वडा कार्यलय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा भरपर्दो इन्टरनेटको व्यवस्था गरिनेछ ।

३. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, प्रगति समीक्षा, चौमासिक समिक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरिनेछ ।

४. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ। कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसरकारी संस्थाले कार्यक्रम गर्नु पुर्व अनिवार्य अनुमति र सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

६. जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।

७. गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ।

**<u>समपुरक (साझेदारी) कोषको व्यवस्था :</u>**

१. धार्चेको समग्र विकासमा विकास साझेदारहरुसँग हातेमालो गर्न संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, निजि क्षेत्र, सहकारी क्षेत्रहरुसँग विकास तथा सेवा प्रवाहमा समन्वय र सहकार्य गर्ने गरी बजेटमा **समपुरक (साझेदारी)** कोषको व्यवस्था गरिनेछ।

धन्यवाद ।

**लक्ष्मण गुरुङ**
**अध्यक्ष**

**जय धार्चे ।**

**मिति २०८०/०३/१० गते रोज १ शुभम् ।**